# कविलासी नगरपालिका

## कविलासी, सर्लाही

## नगर कार्यपालिकाको बैठक पुस्तिका

बैठक संख्याः

बैठक मिति २०८३।०१।२८

मिति :२०८३।०१।२८

आज मिति २०८३ साल बैशाख २८ गते सोमबार अपरान्हको २:०० बजे कविलासी नगरपालिका, नगर कार्यपालिकाका प्रमुख श्री ब्रहमदेव रायज्यूको अध्यक्षता एवं निम्न पदाधिकारी र सदस्यहरुको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी देहाय बमोजिम निर्णय गरियो ।

**उपस्थिति**

| सि.नं. | पद | पदाधिकारीको नाम, थर | ठेगाना | दस्तखत |
|---|---|---|---|---|
| १ | प्रमुख/अध्यक्ष | श्री ब्रहमदेव राय | नगर कार्यपालिका | |
| २ | उपप्रमुख/का.पा.सदस्य | श्री पुनम कर्ण | नगर कार्यपालिका | |
| ३ | वडा अध्यक्ष/का.पा.सदस्य | श्री दिपलाल यादव | वडा नं. १ | |
| ४ | वडा अध्यक्ष/का.पा.सदस्य | श्री राम पुकार मण्डल | वडा नं. २ | |
| ५ | वडा अध्यक्ष/का.पा.सदस्य | श्री राम विश्वास राय | वडा नं. ३ | |
| ६ | वडा अध्यक्ष/का.पा.सदस्य | श्री गिरधारी राय | वडा नं. ४ | |
| ७ | वडा अध्यक्ष/का.पा.सदस्य | श्री सुरेन्द्र राय | वडा नं. ५ | |
| ८ | वडा अध्यक्ष/का.पा.सदस्य | श्री पुरुषोत्तम राय | वडा नं. ६ | |
| ९ | वडा अध्यक्ष/का.पा.सदस्य का.पा. | विष्णु नारायणको श्री धर्वेन्द्र राय यादव | वडा नं. ७ | |
| १० | वडा अध्यक्ष/का.पा.सदस्य | श्री बिरेन्द्र प्रसाद साह | वडा नं. ८ | |
| ११ | वडा अध्यक्ष/का.पा.सदस्य | श्री राम दिनेश राय | वडा नं. ९ | |
| १२ | वडा अध्यक्ष/का.पा.सदस्य | श्री संजय महतो | वडा नं. १० | संजय |
| १३ | का.पा. सदस्य | श्री पानवती देवी मुखिया | नगर कार्यपालिका | |
| १४ | का.पा. सदस्य | श्री रिना कुमारी | नगर कार्यपालिका | रिना |
| १५ | का.पा. सदस्य | श्री शोभा कुमारी | नगर कार्यपालिका | शोभा |
| १६ | का.पा. सदस्य | श्री निलम कुमारी | नगर कार्यपालिका | निलम |
| १७ | का.पा. सदस्य | श्री ईंकु कुमारी | नगर कार्यपालिका | |
| १८ | का.पा. सदस्य | श्री राम एकवाल महतो | नगर कार्यपालिका | |
| १९ | का.पा. सदस्य | श्री विनय कुमार कर्ण | नगर कार्यपालिका | |
| २० | का.पा. सदस्य | श्री राम नारायण राउत | नगर कार्यपालिका | |
| २१ | प्रमुख प्रशासकीय अधिकृत/सदस्य सचिव | श्री मनहरि बराल | नगर कार्यपालिका | |

मिति :२०८३।०१।२८

**बैठकको प्रस्ताव :**

१. अघिल्लो कार्यपालिका बैठक निर्णयको समिक्षा सम्बन्धमा ।

२. विषयगत शाखाहरुको प्रगति प्रतिवेदन सम्बन्धमा ।

३. मिति २०८३।०१।०९ गतेको नगर कार्यपालिका निर्णय नं. ३ संशोधन सम्बन्धमा ।

४. ब्याक हो लोडरको भाडा दस्तुर सम्बन्धमा ।

५. योजनाको निर्माण स्थान यकिन सम्बन्धमा ।

६. आर्थिक सहायता सम्बन्धमा ।

७. योजनाको रकम मर्ज (एकिकृत) गर्ने सम्बन्धमा ।

८. "कविलासी नगरपालिकाको अनुदान तथा आर्थिक सहायता कार्यविधि,२०८२" स्वीकृत सम्बन्धमा ।

## बैठकको निर्णय :

**निर्णय नं. १:** प्रस्ताव नं.१ मा उल्लेखित प्रस्ताव कार्यसूचीमा चढी निर्णयार्थ पेश हुँदा नगर कार्यपालिकाको मिति २०८३।०१।०९ गते बसेको अघिल्लो बैठकमा भएको निर्णयहरु सम्बन्धमा समिक्षा गरियो र सोको कार्यान्वयनको लागि देहाय बमोजिम गरियो ।

| कार्यपालिका अघिल्लो बैठकको समिक्षा | | | |
|---|---|---|---|
| कार्यपालिका बैठक मिति | निर्णय नं. | कार्यान्वयनको लागि गरिएको कार्य | कैफियत |
| २०८३।०१।०९ | १ | मधेश प्रदेश सरकार, अर्थ मन्त्रालयमा आगामी आ.व.०८३।०८४ को लागि प्रदेश सशर्त, समपुरक र विशेष अनुदानको आयोजना तथा कार्यक्रम प्रस्ताव स्वीकृतीको लागि पत्राचार गरियो । | प.सं.०८३।८४ च.नं.१४९४,१४९५ र १४९६ मिति २०८३।०१।११ |
| | २ | यस पालिका अन्तर्गतका सार्वजनिक तथा अतिक्रमित जग्गाको विवरण नापी कार्यालय सर्लाही र भूमिसुधार तथा मालपोत कार्यालय सर्लाहीबाट विवरण मागको लागि पत्राचार गरियो । साथै यस पालिकामा कसैबाट सार्वजनिक जग्गा अतिक्रमित गरि बसोबास गरिरहेको छ भने सो जग्गा स्वस्फुर्त रुपमा खाली गर्ने गरि व्यापक रुपमा सूचना सम्प्रेशन/प्रकाशित गर्ने/गराउने तथा सो कार्यको लागि नगरपालिकाका बुद्धिजीवी, समाजसेवी, नगरिक अगुवाहरुलाई सहयोग र सहजिकरण गर्न अनुरोध गर्ने सम्बन्धीको सूचना सार्वजनिक गरियो । | प.सं.०८३।८४ च.नं.१५०५ र १५०६ मिति२०८३।०१।१४ |
| | ३ | निर्णय कार्यान्वयनको क्रममा संशोधन गर्नुपर्ने देखिएकोले आजको कार्यपालिका बैठकमा संशोधन प्रस्ताव गरिएको । | |

मिति :२०८३।०१।२८

**निर्णय नं. २:** प्रस्ताव नं.२ मा उल्लेखित प्रस्ताव कार्यसूचीमा चढी निर्णयार्थ पेश हुँदा कविलासी नगरपालिकाको नगर सभबाट आ.व.०८२।०८३ को लागि स्वीकृत यस पालिका अन्तर्गतका विषयगत शाखाहरुबाट सञ्चालन एवं कार्यान्वयन गरिने/गराउने कार्यक्रमहरुको कार्य प्रगति सम्पूर्ण शाखाहरुबाट अबिलम्ब माग गरि विद्युतीय माध्यमबाट कार्यपालिका सदस्यज्यूहरुलाई उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ३:** प्रस्ताव नं.३ मा उल्लेखित प्रस्ताव कार्यसूचीमा चढी निर्णयार्थ पेश हुँदा नगर कार्यपालिकाको मिति २०८३।०१।०९ गतेको बैठकको निर्णय नं.३ मा जिल्ला सर्लाही साविक गा.वि.स.कविलासी वडा नं.१ हाल कविलासी नगरपालिका वडा नं.८ मा बस्ने अमिचन धोवीको नाति भोला धोवीको छोरा मोलवी धोवीको नाममा दर्ता कायम रहेको तपसिलका जग्गा कविलासी नगरपालिका वडा नं.८ मा अवस्थित मदरसा समाजिक कल्याण संस्था (जि.प्र.का.स.दर्ता नं.२१४२ दर्ता मिति २०८२।१२।२०) लाई दान दिने भनि भएको निर्णयमा संशोधन गरी तपसिलका ०-१-२ क्षेत्रफल जग्गा मध्ये दक्षिण तर्फबाट ०-०-५ (पाँच) धुर जग्गा मात्र दान दिने भएकोले सोहि बमोजिम सम्बन्धित निकायमा सिफारिस दिने निर्णय गरियो ।

तपसिल :

| जिल्ला | गा.वि.स. | वडा नं. | कित्ता नं. | किसिम | क्षेत्रफल | दान दिने क्षे. | कैफियत |
|---|---|---|---|---|---|---|---|
| सर्लाही | कविलासी | ३(क) | ५१२ | अब्बल | ०-१-२ | ०-०-५ | |

**निर्णय नं. ४:** प्रस्ताव नं.४ मा उल्लेखित प्रस्ताव कार्यसूचीमा चढी निर्णयार्थ पेश हुँदा **ब्याक हो लोडर सञ्चालन शुल्क सम्बन्धमा** कुनै व्यक्ति वा संघ संस्थाबाट ब्याक हो लोडर भाडा माग भई आएमा देहाय बमोजिमको शुल्क नगदै वा तोकिएको बैंक खातामा अग्रिम बुझाउनु पर्नेछ भनि कार्यपालिकाको मिति २०८२।०३।०५ गतेको निर्णयानुसार निर्धारण गरिएको शुल्कमा **"ब्याक हो लोडर सञ्चालन सम्बन्धी कार्यविधि, २०७५" (संशोधन सहित) बमोजिमको** सञ्चालन गर्न देहाय बमोजिम संशोधित शुल्क निर्धारण गर्ने निर्णय गरियो ।

| सि.नं. | कामको प्रकार | **साविकको शुल्क** इन्धन लगायत अन्य खर्च सहित (प्रतिघण्टा) रु. | **संशोधित शुल्क** इन्धन लगायत अन्य खर्च सहित (प्रतिघण्टा) रु. |
|---|---|---|---|
| १ | कविलासी नगरपालिका क्षेत्र भित्र नगरपालिकाको आफ्नै लगानीमा उपभोक्ता समिति मार्फत सञ्चालित योजनाहरु | २,२००/- | ३,०००/- |
| २ | कविलासी नगरपालिका क्षेत्र भित्र अन्य निकाय तथा ठेक्का पट्टा मार्फत सञ्चालित योजनाहरु वा व्यक्तिगत प्रयोग | २,३००/- | ३,०००/- |
| ३ | कविलासी नगरपालिका क्षेत्र भन्दा बाहिर अन्य स्थानीय तहका क्षेत्र भित्र भएका योजनाहरु तथा व्यक्तिगत प्रयोग | २,५००/- | ३,०००/- |

मिति :२०८३।०१।२८

<u>निर्णय नं. ५ :</u> प्रस्ताव नं.५ मा उल्लेखित प्रस्ताव कार्यसूचीमा चढी निर्णयार्थ पेश हुँदा कविलासी नगरपालिकाको चौधौ नगर सभाबाट चालु आ.व.२०८२।०८३ को लागि स्वीकृत **"मदनपुर मठको स्तरोन्नती "** योजनाको निर्माण स्थान तपसिल बमोजिम हुनुपर्ने निर्णय गरियो ।

तपसिल :

| स्रोत/सि.नं. | योजनाको नाम | विनियोजित बजेट रु. | निर्माण स्थान उल्लेख हुन गएको | निर्माण स्थान हुनुपर्ने | कैफियत |
|---|---|---|---|---|---|
| वितिय समानिकरण अनुदान संघ/३ | मदनपुर मठको स्तरोन्नती | १३ लाख | वडा नं.३ | वडा नं.६ | |

<u>निर्णय नं. ६ :</u> प्रस्ताव नं.६ मा उल्लेखित प्रस्ताव कार्यसूचीमा चढी निर्णयार्थ पेश हुँदा विभिन्न मितिमा आर्थिक सहायताको लागि पेश भएका देहायका निवेदनहरुलाई श्रीमान् नगर प्रमुखज्यूको तोक आदेश अनुसार आर्थिक सहायताको लागि कविलासी नगरपालिकाको **आर्थिक सहायता वितरण मापदण्ड,२०७५** ले निर्धारण गरेका आवश्यक प्रकृया र कागजात पुरा भएका निम्नानुसारको नगरबासीलाई निम्नानुसारको दरले आर्थिक सहायता प्रदान गर्ने निर्णय गरियो ।

निम्न :

| क्र.सं | आर्थिक सहायताको लागि पेश भएको निवेदकको नाम | वडा नं. | ठेगाना | आर्थिक सहायता माग गरेको कारण | वडा कार्यालयको पत्र | आर्थिक सहायता रकम रु. | मोबाइल नं. |
|---|---|---|---|---|---|---|---|
| १. | भाग नारायण राय | ६ | जमुनिया | परालमा आगलागी | प.सं.०८२।८३ च.नं.५९९ मिति २०८२।११।१० | ९०००/- | ९७०७८०६९८९ |
| २. | कवछिया देवी | ६ | जमुनिया | स्वास्थ्य उपचार मुटु रोग | प.सं.०८२।८३ च.नं.८११ मिति २०८३।०१।११ | ९०००/- | |
| ३. | राम केवल राय | १ | पिपरिया | घरमा आगलागी | प.सं.०८२।८३ च.नं.९१९ मिति २०८२।१२।०६ | ९०००/- | |
| ४. | भिखारी पासवान (पति) | ३ | मदनपुर | पच्चिया देवी (पत्नि) औषधी उपचार | प.सं.०८२।८३ च.नं.८७१ मिति २०८२।१२।२४ | ७०००/- | |
| ५. | रामएकवाल राय | ३ | मदनपुर | गँहुबाली नष्ट | प.सं.०८२।८३ च.नं.९१६ मिति २०८२।१२।३० | ९०००/- | ९८२८९१२६३६ |
| ६. | तुलसी पासवान | ३ | मदनपुर | बलरांम पासवान (छोरा) मोटरसाइकल दुर्घटना | प.सं.०८२।८३ च.नं.८८३ मिति २०८२।१२।२६ | ५०००/- | |

मिति :२०८३।०१।२८

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ७. | महेन्द्र ठाकुर लोहार | ९ | सलेमपुर | औषधी उपचार | प.सं.०८२।८३ च.नं.८९१ मिति २०८२।१२।१९ | ९०००/- | |
| ८. | अनिता कुमारी | ३ | मदनपुर | विपेश्वर बैठा (पति) औषधी उपचार | प.सं.०८२।८३ च.नं.९७० मिति २०८३।०१।०९ | ५०००/- | ९७६५८९६८४६ |
| ९. | राम मोहन ठाकुर | ६ | जमुनिया | ट्र्याक्टर दुर्घटना | प.सं.०८२।८३ च.नं.७७८ मिति २०८३।०१।०३ | ९०००/- | ९८२२०४१५८६ |
| १०. | तपेश्वर ठाकुर | ७ | सिरसिया | औषधी उपचार (मुटु रोग, हर्निया) | प.सं.०८२।८३ च.नं.६२६ मिति २०८२।०९।०६ | ९०००/- | ९८२४८५६७९६ |
| ११. | रामएकवाल राय | ६ | जमुनिया | गरिब, विपन्न आर्थिक सहायता | प.सं.०८१।८२ च.नं.९९५ मिति २०८२।०३।०५ | ९०००/- | |

**निर्णय नं. ७ :** प्रस्ताव नं.७ मा उल्लेखित प्रस्ताव कार्यसूचीमा चढी निर्णयार्थ पेश हुँदा यस **नगरपालिकाको विनियोजन ऐन,२०८२** बाट विनियोजित रकम र **विषेश नगर सभा (चौथौ नगर सभा)** बाट विनियोजित रकम एकै वा एउटै प्रकृतिका योजना तथा कार्यक्रमको लागि छुट्टा-छुट्टै विनियोजन भएकोले उक्त छुट्टा-छुट्टै विनियोजित रकम एकिकृत गर्ने र एकिकृत रकमको आधारमा सो योजनाको कार्यलाई सञ्चालन गर्न कार्यान्वयन प्रक्रिया अगाडि बढाउने निर्णय गरियो । साथै कार्यालयको निर्णयबाट एकै प्रकृतिका छुट्टा-छुट्टै विनियोजित रकम एकिकृत गरिएको निर्णयलाई अनुमोदन गरियो ।

**निर्णय नं.८ :** प्रस्ताव नं.८ मा उल्लेखित प्रस्ताव कार्यसूचीमा चढी निर्णयार्थ पेश हुँदा कविलासी नगरपालिकाबाट विभिन्न व्यक्ति, सरकारी तथा गैरसरकारी संघ संस्थहरुलाई प्रदान गरिने आर्थिक, प्राविधिक तथा जिन्सी मालसामान लगायतका अनुदान छिटो छरिता, मितव्ययी, पारदर्शी एवम् प्रभावकारी रुपमा प्रवाह गर्न र अनुदान प्राप्त गर्ने व्यक्ति संघ संस्थाहरुलाई अनुशासित, जवाफदेही र उत्तरदायी बनाउदै परिणाम हासिल गर्न स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरि **"कविलासी नगरपालिकाको अनुदान तथा आर्थिक सहायता कार्यविधि,२०८२"** स्वीकृत गरियो ।